आज मिति २०७१ पौष २३ गते बुधवार क्षेत्रीय प्रशासन कार्यालय, पश्चिमाञ्चल विकास क्षेत्र पोखराको आयोजनामा का.मु.क्षेत्रीय प्रशासक श्री दिनेश कुमार थपलियाको संयोजकत्वमा पोखरा स्थित क्षेत्रीय डिभिजन तथा जिल्लास्तरीय कार्यालयका प्रमुखहरु, पोखरा उद्योग वाणिज्य संघ, लेखनाथ उद्योग वाणिज्य संघ लगायतका उद्यमी व्यवसायीहरु, विभिन्न पेशा र व्यवसायमा आवद्ध समाजसेवी एवं विज्ञहरु, नागरिक समाज, गैर सरकारी संस्था, पत्रकार तथा वुद्धिजिवीहरुका वीच वैठक, छलफल र अर्न्तक्रिया सम्पन्न भयो । यस वैठकमा क्षेत्रीय प्रशासकवाट पोखरा उपत्यकाको दिगो, समानुपातिक, योजनावद्ध, एकिकृत, व्यवस्थित र समग्र विकासको निम्ति प्रारम्भ गर्नु पर्ने विकास अवधारणको खाका प्रस्तु भई उपस्थित महानुभावहरुको सुझाव वमोजिम देहाय वमोजिम गर्ने सहमति भयो ।

निर्णय नं. १

पोखरा उपत्यकालाई व्यवस्थित, आधुनिक, अन्तर्राष्ट्रिय मापदण्ड अनुकुल, वातावरणमैत्री एवं सुविधायुक्त पर्यटकीय गन्तव्यस्थलकोरुपमा विकास गर्न यहाँको विविधता, संभाव्यता र अवसरलाई मध्यनजर राखी हाल प्रारम्भ गरिएका क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल र पोखरा बसपार्क निर्माण, फेवाताल संरक्षण र व्यवस्थापन, सार्वजनिक जमिनको संरक्षण तथा पार्क उद्यानहरुको व्यवस्थापन, वातावरण मैत्री नगर सम्वन्धी अवधारणाको कार्यान्वयन, सार्वजनिक सडकहरुको चौडाई वृद्धि, स्तरोन्नति र सुधार, शहरी विकास र भवन निर्माण सम्वन्धी नयाँ मापदण्डहरुको निर्माण र कार्यान्वयन आदि कार्यहरुलाई सम्बन्धित निकायहरुवाट निरन्तरता दिंदै निश्चित अवधिभित्र अनुभूत गर्न सकिने उपलब्धी हासिल गर्ने गरी सरकारी क्षेत्र, निजी क्षेत्र, गैरसरकारी क्षेत्र र नागरिक समाजको साझेदारी, सहभागिता र सहकार्यमा देहायका कार्यहरु तत्काल अगाडी वढाउन समिति गठन गरी कार्य प्रारम्भ गर्ने निर्णय गरियो ।

१.१) पोखरा उपत्यका गुरुयोजना (Pokhara Valley Master Plan)
संयोजक : श्री डा.कृष्ण के.सी., प्राध्यापक पृथ्वीनारायण क्याम्पस
सह संयोजक : प्रमुख, जिल्ला प्राविधिक कार्यालय, कास्की

१.२) पोखरा अन्तर्राष्ट्रिय सभा सम्मेलन केन्द्र (Pokhara International Convention Centre-PICC)
संयोजक : श्री संजीववहादुर कोइराला, अध्यक्ष पश्चिमाञ्चल क्षेत्रीय उद्योग वाणिज्य संघ
सह संयोजक : प्रमुख, शहरी विकास तथा भवन निर्माण डिभिजन कार्यालय, पोखरा

१.३) पोखरा राष्ट्रिय वस टर्मिनल (Pokhara National Bus Terminal)
संयोजक : श्री वावुराम गिरी, अध्यक्ष, लेखनाथ उद्योग वाणिज्य संघ
सह संयोजक : श्री कार्यकारी अधिकृत, लेखनाथ नगरपालिका कार्यालय, कास्की

१.४) पोखरा अन्तर्राष्ट्रिय क्रिकेट स्टेडियम (Pokhara International Cricket Stadium)
संयोजक : श्री अशोक पालिखे, समाजसेवी/व्यवसायी, पोखरा
सह संयोजक : प्रतिनिधि, जिल्ला विकास समितिको कार्यालय, कास्की

१.५) राष्ट्रिय कला तथा साहित्य पार्क (National Art and Literature Park)
संयोजक : श्री तिर्थ श्रेष्ठ, साहित्यकार एवं समाजसेवी, पोखरा
सह संयोजक : श्री प्रतिनिधी, क्षेत्रीय प्रशासन कार्यालय, पोखरा

१.६) पोखरा राष्ट्रिय स्वदेशी हाटबजार (Pokhara National Domestic Hat Bazar)
संयोजक : श्री विन्दु कुमार थापा, अध्यक्ष, पोखरा उद्योग वाणिज्य संघ
सह संयोजक : प्रमुख, घरेलु तथा साना उद्योग कार्यालय, कास्की

१.७) पोखरा वोटानिकल गार्डेन (Pokhara Botanical Garden)
संयोजक : श्री गणेश वहादुर भट्टराई, उद्यमी व्यवसायी, पोखरा
सह संयोजक : श्री प्रमुख, जिल्ला वन कार्यालय, कास्की

१.८) पोखरा टावर (Pokhara Tower)

संयोजक : श्री सूर्य वहादुर भुजेल, अध्यक्ष, पोखरा पर्यटन परिषद

सह संयोजक : श्री शारदामोहन काफ्ले, प्राविधिक महाशाखा प्रमुख, पोखरा उपमहानगरपालिका कार्यालय

१.९) पोखरा चिडियाखाना (Pokhara Zoo)

संयोजक : श्री हिमालय वखरेल, अध्यक्ष, पोखरा, युनाइटेड क्लव

सह संयोजक : श्री प्रमुख, जिल्ला पशुसेवा कार्यालय, कास्की

१.१०) पोखरा म्युजिकल फाउण्टेन (Pokhara Musical Fountain)

संयोजक : श्री गोपी वहादुर भट्टराई, उद्योगी व्यवसायी

सह संयोजक : श्री प्रमुख, पोखरा पर्यटन कार्यालय, कास्की

१.११) पोखरा सम्पदा संरक्षण (Pokhara Heritage Conservation)

संयोजक : श्रीराम वहादुर पौडेल, अध्यक्ष, पोखरा नागरिक समाज

सह संयोजक : श्री सहायक प्र.जि.अ., जिल्ला प्रशासन कार्यालय, कास्की

१.१२) पोखरा चत्रपथ (Pokhara Ring Road)

संयोजक : श्री विश्व प्रकाश लामिछाने पूर्व अध्यक्ष, पोखरा उपत्यका न.वि.स.

सह संयोजक : श्री प्रमुख, जिल्ला प्राविधिक कार्यालय, कास्की

निर्णय नं. २

पोखरा उपत्यकाको दिगो एवं समष्टिगत विकासलाई मूर्तरुप दिने उद्देश्यले गठित विभिन्न समितिका कामलाई व्यवस्थित, नियमित, प्रभावकारी र नतिजामुखी वनाउन देहाय वमोजिमको जिम्मेवारी दिई अनुरोध गर्ने निर्णय गरियो ।

२.१ सवै समितिका संयोजक र सह संयोजकले विभिन्न सम्वद्ध व्यक्ति, निकाय र पक्षसंग परामर्श, छलफल र समन्वय गरी यही पौष २८ गतेभित्र समितिमा सदस्यहरु चयन गरी वढीमा १५ सदस्यीय समिति गठन गर्ने ।

२.२ समितिले पूर्णता पाएपछि २०७१ माघ ५ गतेभित्र सवै समितिले आ-आफ्नो कार्य क्षेत्रगत शर्त (ToR) तयार गरी क्षेत्रीय प्रशासन कार्यालयमा पेश गर्ने र क्षेत्रीय प्रशासन कार्यालयवाट निर्णय गरी आधिकारिकता प्रदान गर्ने ।

२.३ सवै समितिहरुले उपयुक्तता हेरी संयोजक वा सह संयोजकको कार्यालयमा वा अन्य उपयुक्त स्थानमा समितिको सचिवालय तोकी आ-आफ्नो क्षेत्रको तत्काल कार्ययोजना वनाई आवश्यकता अनुसार सार्वजनिक सुझाव लिई २०७१ माघ १५ भित्र कार्य प्रारम्भ गरिसक्ने ।

२.४ प्रत्येक महिनाको एक पटक र आवश्यकता अनुसार क्षेत्रीय प्रशासन कार्यालयको समन्वयमा सवै समितिका संयोजक र सह संयोजक तथा अन्य आमन्त्रित व्यक्तित्वहरुको उपस्थितिमा बैठक वसी नियमित प्रगति समीक्षा गर्दै कामलाई निरन्तरता दिने ।

२.५ समितिका काम कारवाहीलाई प्रचार-प्रसार गर्न, सुझाव लिन-दिन पैरवी र निगरानी गर्न तथा क्रियाशीलता प्रदान गर्न मिडिया क्षेत्रको भूमिका अपरिहार्य भएकोले सवै समितिहरुमा कामको प्रकृति अनुसार उपयुक्त एक एक जना पत्रकारलाई सदस्यको रुपमा पठाई सहयोग गरिदिन नेपाल पत्रकार महासंघ, जिल्ला शाखा कास्कीलाई अनुरोध गर्ने ।

२.६ सवै समितिहरुले आफ्नो कामलाई व्यवस्थित वनाउन आफ्नो कार्यविधि आफै तयार गरी समितिको वैठकवाट स्वीकृत गरी क्षेत्रीय प्रशासन कार्यालयमा उपलब्ध गराउन अनुरोध गर्ने ।